राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

२०७६ असार ११

## यातनालाई कुनै पनि बहानामा प्रश्रय नदिऔं

**सन्दर्भ : यातनापीडितहरुको सहयोगार्थ संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय दिवस (२६ जुन)**

राष्ट्रिय मानव अधिकार आयोगले स्थापनादेखि नै यातना दिइने कार्यको विरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ । नेपालमा विगतको सशस्त्र द्वन्द्वको समयमा पक्राउ गरी मानसिक तथा शारीरिक यातना दिइएका घटनाहरुको विषयमा उजुरी दर्ता गर्ने र ती घटनाहरुमा आयोगले अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारसमक्ष सिफारिश गर्दै आएको छ । यसै सन्दर्भमा आयोगमा हालसम्म यातनासम्बन्धमा करीब १९१० उजुरीहरु दर्ता हुन आएका छन् । जसमध्ये १००० उजुरीहरुउपर अनुसन्धान पूरा भई आयोगबाट निर्णय भएको छ । ती निर्णयमध्ये १७९ उजुरीहरुमा पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारवाही तथा पीडकबाट क्षतिपूर्ति भराउने जस्ता सिफारिशहरु नेपाल सरकारसमक्ष गरिएका छन् । यी सिफारिशको कार्यान्वयनको सन्दर्भमा केहीमा पीडितहरुलाई क्षतिपूर्ति दिलाउने बाहेक पीडकलाई कारबाही गर्ने कार्यहरु अत्यन्त न्यून देखिएकोले आयोगको सिफारिश कार्यान्वयनमा जोड दिन नेपाल सरकारलाई यस अवसरमा आयोग पुनः आग्रह गर्दछ ।

आयोगबाट यातना विरुद्धको अधिकार संरक्षणको लागि हिरासत तथा कारागारको अनुगमन गर्ने कार्य निरन्तर रुपमा हुँदै आइरहेको छ । अनुगमनको क्रममा कारागार तथा हिरासतमा कैदी बन्दीको अत्यन्त चाप बढिरहेको, पर्याप्त स्थान तथा सरसफाइ र खानेपानीको समस्या देखिएकोले कारागार तथा हिरासत सुधारको लागि समेत आयोग आग्रह गर्दछ ।

हाल पनि व्यक्तिलाई पक्राउ गरी साविती गराउने नाममा कतिपय घटनामा यातना दिने जस्तो अमानवीय कार्य हुँदै आइरहेको आयोगमा परेका उजुरी एवं आयोगबाट गरिएको अनुगमन तथा अनुसन्धानबाट पाइएको छ । यातनालाई विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनले अपराधको रुपमा स्वीकार गरेको छ । तसर्थ कसैले पनि कुनै पनि व्यक्तिलाई कुनै पनि बहानामा यातना दिने कार्य कानून विपरीत छ ।

अतः व्यक्तिलाई यातना दिइने जस्तो अमानवीय तथा अपराधजन्य कार्य कहिँ कतैबाट पनि नगर्न, नगराउन आयोग सम्बन्धित सबैमा आग्रह गर्दछ ।

मुरारिप्रसाद खरेल
निमित्त सचिव/निर्देशक


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org